# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७१।०७।१६

## शोक विज्ञप्ति

रेडियो भोटेवडारमा कार्यरत पत्रकार चाँदनी अधिकारीको डेंगु संक्रमणका कारण २३ वर्षको अल्पायुमै उपचारको क्रममा निधन भएको दु:खद् खबर महासंघ स्तब्ध भएको छ ।

डेंगु सक्रमित भई कात्तिक १५ गते लमजुङस्थित मोडल अस्पतालमा उपचाररत अधिकारीलाई थप उपचारका लागि आज बिहान चितवन मेडिकल कलेज (न्यू सिएमसि) पुऱ्याइएकोमा उपचारकै क्रममा ६:३० बजे निधन भएको हो ।

लमजुङमा सक्रिय पत्रकारितामा गर्दै आउनुभएकी अधिकारीको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक जुझारु र उर्जावान युवा पत्रकार गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय अधिकारीप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारणको कामना र गहिरो समवेदना प्रकट गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org